# निगमले कोषलाई थप ३३ करोड ऋण तिर्‍यो



आर्थिक संवाददाता
काठमाडौं, पुस ३०

राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमले पछिल्लोपटक यही पुस २९ गते शुक्रबार कर्मचारी सञ्चय कोषलाई तिर्नुपर्ने ऋण दायित्वको किस्ताबापतको ३३ करोड नौ लाख ५५ हजार दुई सय ८१ भुक्तानी गरेको छ ।

कर्मचारी सञ्चय कोषबाट जहाज खरिदका निम्ति ऋण लिएकोमा न्यारोबडी जहाज खरिदको साावाँ र ब्याजबापतको रकम भुक्तानी गरिएको हो । विगतमा विविध कारणले सञ्चयकोष तथा नागरिक लगानी कोषको ऋण दायित्व भुक्तानी नभइरहेकोमा निगमको व्यवस्थापन वर्तमान नेतृत्वले सम्हालेपछि गत असार ३० गते एक अर्ब ३५ करोड रूपैयाँ र कात्तिक १ गते ७३ करोड नौ लाख ५५ हजार दुई सय ८१ भुक्तानी गरिसकेको छ ।

## व्यापारघाटामा...

आधारमा जिंक सिट, पार्टिकल बोर्ड, ऊनी गलैंचा, अलैंची, चियालगायतका वस्तुको निर्यात बढ्दा सोयाबिन तेल, पाम तेल, पिना, लत्ताकपडा, सुन चाँदीका सामान तथा गरगहनालगायतका वस्तुको निर्यात भने घटेको प्रतिवेदनमा उल्लेख छ ।

राष्ट्र बैंकका अनुसार चालू आवको पाँच महिनामा कुल वस्तु आयात २० दशमलव सात प्रतिशतले घटेर छ खर्ब ६४ अर्ब ७५ करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ५९ दशमलव पाँच प्रतिशतले बढेको थियो । वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमशः २० प्रतिशत, २२ दशमलव छ प्रतिशत र २१ दशमलव चार प्रतिशतले कमी आएको छ । वस्तुगत आधारमा पेट्रोलियम पदार्थ, स्पोन्ज आइरन, सुन, रासायनिक मल, हवाइजहाजका स्पेयर पार्ट्सलगायतका वस्तुको आयात बढे पनि सवारीसाधन तथा स्पेयर पार्ट्स, एमएस बिलेट, चाँदी, औषधि, कच्चा सोयाबिन तेललगायतका वस्तुको आयात घटेको प्रतिवेदनमा उल्लेख छ ।

राष्ट्र बैंकका अनुसार निर्याततर्फ सुख्खा बन्दरगाह, जलेश्वर, कैलाली, कृष्णनगर, मेची, त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाहेकका प्रमुख नाकाबाट गरिएको निर्यात भने घटेको देखिएको छ । आयाततर्फ सम्पूर्ण प्रमुख नाकाबाट भएको आयातमा पनि कमी आएको छ । सो अनुसार चालू आवको पाँच महिनामा कुल वस्तु व्यापारघाटा १८ दशमलव आठ प्रतिशतले घटेर पाँच खर्ब ९७ अर्ब ४४ करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा ५४ दशमलव सात प्रतिशतले बढेको थियो । चालू आवको पाँच महिनामा निर्यात-आयात अनुपात १० दशमलव एक प्रतिशत पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १२ दशमलव तीन प्रतिशत रहेको थियो । चालू आवको पाँच महिनामा भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी ५० अर्ब २० करोडबराबरको वस्तु आयात भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ९२ अर्ब ३४ करोडबराबरको भएको राष्ट्र बैंकको भनाइ छ ।

## खुद...

दशमलव नौ प्रतिशतले वृद्धि भई २३ अर्ब ६३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय १० अर्ब १४ करोड रहेको थियो । चालू आवको पाँच महिनामा सेवा खाताअन्तर्गत भ्रमण व्यय ६४ प्रतिशतले वृद्धि भई ४२ अर्ब आठ करोड पुगेको छ । यसमध्ये शिक्षातर्फको व्यय २८ अर्ब ८१ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा भ्रमण व्यय २५ अर्ब ६५ करोड रहेकोमा शिक्षातर्फको व्यय १३ अर्ब ५३ करोड रूपैयाँ रहेको राष्ट्र बैंकको भनाइ छ ।

## शोधनान्तर...

राष्ट्र बैंकका अनुसार चालू आवको पछिल्लो पाँच महिनामा चालू खाता भने ३७ अर्ब ९१ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालू खाता दुई खर्ब ९८ अर्ब ५१ करोडले घाटामा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा दुई अर्ब ५१ करोडले घाटामा रहेको चालू खाता समीक्षा अवधिमा २९ करोड ७२ लाखले घाटामा रहेको छ । समीक्षा अवधिमा पुँजीगत ट्रान्सफर २५ दशमलव तीन प्रतिशतले कमी आई तीन अर्ब ४७ करोड कायम भएको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी ६० करोड ४९ लाख पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा पुँजीगत ट्रान्सफर चार अर्ब ६४ करोड र खुद प्रत्यक्ष वैदेशिक लगानी सात अर्ब सात करोड रहेको राष्ट्र बैंकले जनाएको छ ।

## यातायात...

अदालतसमक्ष मुद्दा दायर गरेको हो । हाल उक्त स्रोत नखुलेको सम्पत्ति पोखरेलको श्रीमती विमला न्यौपाने पोखरेलबाट समेत जफत तथा असुल गर्न पाउनुपर्ने अख्तियारले दाबी गरेको छ । अख्तियारले स्रोत नखुलेको सम्पत्ति बिगो जफत गर्ने प्रयोजनार्थ मात्र साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ गको दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा २९ ख. बमोजिम विमला न्यौपाने पोखरेललाई प्रतिवादी कायम गरी स्रोत नखुलेको सम्पत्तिबाट बढेबढाई निजको नाममा हाल कायम रहेको सम्पत्तिबाट बिगो जफत र जरिवाना असुल गरी पाउन मागदाबी गरी विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरेको हो ।

## उद्योगमा...

अर्बौं रूपैयाँ लगानी गरेको तथा नयाँ लगानी प्रतिबद्धता समेत जनाएको विभागले जनाएको छ । नेपालको ऊर्जाक्षेत्रमा गैरआवासीय नेपाली संघ (एनआरएनए)ले पनि आकर्षित भएको पाइन्छ । संघका पदाधिकारीहरूले विभिन्न जलविद्युत् गृह निर्माणमा लागेको समेत छन् भने कतिपयले निर्माण सम्पन्न समेत गरेका छन् ।

यस्तै, गत आर्थिक वर्षको सोही अवधिमा भने सबैभन्दा बढी लगानी प्रतिबद्धता ऊर्जाजन्यमा एक खर्ब एक अर्ब ५८ करोड रूपैयाँ, उत्पादनजन्यमा ४५ अर्ब सात करोड रूपैयाँ, सेवाजन्यमा २३ अर्ब ८२ करोड २६ लाख रूपैयाँ, पर्यटनजन्यमा १६ अर्ब २० करोड छ लाख रूपैयाँ, कृषि तथा वन पैदावरजन्यमा एक अर्ब ८५ करोड ८१ लाख रूपैयाँ, सूचना प्रविधिजन्यमा एक अर्ब दुई करोड रूपैयाँ र पूर्वाधारजन्यमा ६९ करोड ८१ लाख रूपैयाँ लगानी प्रतिबद्धता जनाएका थिए । उक्त लगानी प्रतिबद्धता ऊर्जाजन्य २३ वटा, उत्पादनजन्य ६६ वटा, सेवाजन्य २३ वटा, पर्यटनजन्य २८ वटा, कृषि तथा वन पैदावरजन्य १० वटा र सूचना, सञ्चार तथा प्रसारण प्रविधिजन्य तीनवटा र पूर्वाधारजन्यमा दुईवटा उद्योग स्थापनाका लागि जनाएका थिए ।

तथ्यांकलाई हेर्दा संख्यात्मक रूपमा धेरै लगानीकर्ता तथा लगानी आउन नसके पनि लगानी आकर्षण भने रहेको पाउन सक्छौं । प्रतिबद्धताअनुरूप लगानी नआउने, उद्योग स्थापना हुन नसक्ने र रोजगारीको अवसर समेत प्राप्त हुने हुन्छ । यसलाई कार्यान्वयन गर्न गराउन निजी क्षेत्र, सरकारी निकाय र विदेशी लगानीकर्ताहरूबीच समन्वय आवश्यक रहेको छ ।

स्वदेशी लगानीकर्ताहरूले औद्योगिक व्यावसायिक ऐन २०७६ र विदेशी लगानीकर्ताहरूले प्रत्यक्ष विदेशी लगानीमार्फत नेपालको उद्योग क्षेत्रमा लगानी गर्न पाँउछन् । त्यस्तै सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५, राष्ट्रिय बौद्धिक सम्पत्ति नीति, २०७३, विदेशी लगानी नीति, २०७१, औद्योगिक नीति, २०७६, कम्पनी ऐन, २०६३ लगायतले नेपालमा उद्योग स्थापना तथा लगानी ल्याउन सहयोग गरेको छ ।

## राष्ट्रिय...

सहकारीबाट पैसा उठाइदिन भन्दै पोखरा महानगरपालिकाको सहकारी विभागमा समेत उजुरी दिएका छन् । त्यसो त तत्कालीन अध्यक्ष डा. श्रेष्ठले आफूले सहकारी तत्कालीन उपाध्यक्षलाई कार्यवाहक दिएर आफू राजनीतिमा लागेको र त्यसपछिको जिम्मेवारी आफ्नो नभएको भन्दै पन्छिने गरेको अहिलेका सञ्चालकहरूले बताउने गरेका छन् ।

सांसद डा. श्रेष्ठले तत्कालीन समयमा उपाध्यक्षलाई कार्यवाहक दिएर हिंडे पनि चुनावी प्रचारप्रसार तथा राजनीतिले गर्दा उनले संस्थाको पैसाको हिसाबकिताब नै नबुझाई हिंडेको कोषाध्यक्ष तारापति सुवेदीले बताउने गरेका छन् ।

सांसद डा. श्रेष्ठले आफू राजनीतिमा लागेको र अब संस्थालाई हेर्न नभ्याउने भन्दै गत कात्तिकमा नयाँ कार्यसमिति चयन गराएका थिए । नयाँ कार्यसमितिमा आएका सदस्यहरूले काम गर्दै जाँदा संस्थाको लाखौंको हिसाबकिताब नै नपाएर बचतकर्ताहरूलाई पैसा फिर्ता दिन नसकी संस्था नै बन्द गरेसँगै सांसद डा. श्रेष्ठले ठगी गरेको आरोप लागेको थियो ।

सहकारी स्रोतका अनुसार निवर्तमान संस्थाका अध्यक्ष डा. ढाकाकुमार श्रेष्ठले हालका सञ्चालक समितिहरू समेत आफैं मनोनीत गरेर आफूले संस्थामा गरेको कामहरू बाहिर नल्याउन कोशिस गरेका थिए । 'तर पैसा नै नभएर बचतकर्ताहरूलाई फिर्ता नै दिन नसकेपछि सञ्चालकहरू मनोनीत गरेर आफ्ना मान्छे राखेर मात्र काम नहुने रहेछ', स्रोतले भन्यो ।

यस विषयमा श्रेष्ठसँग जिज्ञासा राख्दा उनले बाहिर आएका कुराहरू आफ्नो राजनीतिक भविष्य सकाउनका लागि मात्र भएको बताए । उनका अनुसार आफूले लामो समयदेखि कार्यवाहक दिएर हिंडेको र सञ्चालक समिति समेत गठन गरेर, अडिट गरी मासिक करिब सात लाख फाइदा रहेको अवस्थामा सहकारी छोडेको बताए ।

शुक्रबार पोखरामा पत्रकार सम्मेलन गर्दै डा. श्रेष्ठले आफूमाथि लागेको आरोपहरू मिथ्या रहेको र आफूले सहकारीबाट एक रूपैयाँ पनि फाइदा नलिएको बरू पोखराका कृषकहरूको लागि राम्रो वातावरण बनाउन खोज्दा माफियाहरूले उल्टै आफैंलाई ठगीको आरोप लगाएर आफ्नो राजनीतिक भविष्य नै सकाउन खोजेको बताए ।

संस्थाका अहिलेका अध्यक्ष डा. शनि पाठक लगायतको सञ्चालक समितिलाई आफूले बुझाउनुपर्ने सबै हिसाबकिताब बुझाइसकेको र नबुझाएको भनी बाहिर आएको विषयहरूमा समेत छलफल गरेर टुंग्याउनकै लागि आफू हतार-हतार पोखरा आएको र शनिबार नै काठमाडौं फर्किनलागेको बताए ।

## पोखरा फाइनान्स लिमिटेडको लाभांश पारित

काठमाडौं, पुस ३० । पोखरा फाइनान्स लिमिटेडको २६ औं वार्षिक साधारण सभाले सेयर सदस्यहरूलाई लाभांश दिने घोषण गरेको छ । पोखरा फाइनान्स लिमिटेडको २६ औं वार्षिक साधारण सभाले आर्थिक वर्ष २०७८/७९ को मुनाफाबाट प्रतिसेयर चार प्रतिशतका दरले बोनस सेयर र प्रति सेयर शून्य दशमलव २१ प्रतिशतका दरले नगद लाभांश गरी कुल चार दशमलव २१ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरेको छ । बोनस सेयर वितरणपश्चात् वित्तीय संस्थाको चुक्ता पुँजी रू. १.०८ अर्ब पुगेको छ । साथै सभाले अबको ४ वर्षको लागि संस्थापक समूहबाट श्री डा. दीर्घमान गुरूङ, श्री प्रतिक गुरूङ र श्री दिवाकर पौडेललाई सञ्चालकमा सर्वसम्मत नियुक्त गरेको छ । र आजै सम्पन्न सञ्चालक समितिको बैठकले श्री डा. दीर्घमान गुरूङलाई सर्वसम्मत संस्थाको अध्यक्ष पदमा नियुक्ति गरेको छ । त्यसै गरी आ.व. २०७९/८० को लेखापरीक्षक नियुक्त गर्नुका साथै पोखरा फाइनान्स लिमिटेड र अन्य उपयुक्त बैंक, वित्तीय संस्थाहरू एक आपसमा गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिसन) गर्ने विषयमा आवश्यक सहमति र सम्झौता गर्न लगायत प्रचलित नियम, कानूनअनुसार वित्तीय संस्थाको तर्फबाट गर्ने सम्पूर्ण कार्य गर्न समेत सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरेको वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री रवि चन्द्र गुरूङले जानकारी दिनुभएको छ ।

पोखरा फाइनान्स लिमिटेडले आधुनिक प्रविधियुक्त बैकिङ सेवा तथा सुविधामा विशेष ध्यान दिंदै ग्राहक सेवालाई निरन्तर रूपमा चुस्त, दुरूस्त र सुरक्षित बनाउँदै लैजाने योजना रहेको पनि वित्तीय संस्थाले जनाएको छ ।

standard chartered

**निक्षेप उपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना**

नर बहादुर गुरूङका नाति, कृष्ण बहादुर गुरूङको छोरा तथा आइत कुमारी गुरूङको श्रीमान्, कास्की जिल्ला पोखरा म.न.पा वडा नं. २७ बस्ने यस बैंकका खातावाला चन्द्र सिं गुरूङको मिति २०७९/०१/२० मा मृत्यु भएको तथा निजले ईच्छाएको व्यक्ति सम बहादुर गुरूङको नातिनि, नर बहादुर गुरूङको छोरी चन्द्र सिं गुरूङकी श्रीमती कास्की जिल्ला पोखरा वडा नं. २७ बस्ने आइत कुमारी गुरूङको समेत मिति २०७८/११/०४ मा नै मृत्यू भैसकेको भनी कृष्ण बहादुर गुरूङको नाति, चन्द्र सिं गुरूङको छोरा, कास्की जिल्ला पोखरा म.न.पा वडा नं. २७ स्थायी ठेगाना भएका राम बहादुर गुरूङले निज खातावालाको छोरा नाता देखाई आवश्यक कागजात पेश गरी यस बैंकमा रहेको चन्द्र सिं गुरूङको खातामा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनि आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्र प्राथमिकतामा अन्य कुनै हकदार भएको भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन माग बमोजिम भई जाने व्यहोरा जानकारी गराइन्छ ।

**स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड**

**निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना**

यस बैंकको दोर्दी शाखा कार्यालयमा बचत खाता खोली कारोबार गर्दै आउनु भएकी ईन्द्र कुमारी गुरुङको मिति २०७९/०८/०६ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनी मृतकको बहिनी छेउ कुमारी गुरुङबाट मिति २०७९/०९/१४ मा निवेदन प्राप्त भएको छ। उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्रधिकारवालाको हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय, दोर्दीमा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

**निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना**

यस बैंकको सुकिदह शाखा कार्यालयमा बचत खाता खोली कारोबार गर्दै आउनु भएका दुजे भण्डारीको मिति २०७८/११/०१ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनी मृतकको छोरा श्री भुपेन्द्र भण्डारीबाट मिति २०७९/०९/०५ मा निवेदन प्राप्त भएको छ। उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्रधिकारवालाको हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय, सुकिदहमा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

**लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०७९/१०/०१**

यस सा.व.उ.स. बाट संकलित खयर काठ १०५१.७४ क्यू फिट (स्यापउड सहित) र सिमल गोलिया काठ ४५३.६१ क्यू फिट लिलाम बिक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई २१ दिने सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ।

**वुढीराम्चे सा. वन उपभोक्ता समूह, व्यास ११, तनहूँ।**

**बीमालेख हरायो**

मेरो निम्न व्यहोराको बीमालेख हरायको हुँदा फेलापार्नुहुने महानुभावहरूले निम्न लिखित ठेगानामा उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछु ।

**नाम : रिधम उप्रेती**
**c/o दीपक उप्रेति**
**ठेगाना : धुम्बाराही ०४ काठमाडौं**
**बीमा लेख नं. : 110035004**
**51078108**

**बीमालेख हरायो**

मेरो निम्न व्यहोराको बीमालेख हरायको हुँदा फेलापार्नुहुने महानुभावहरूले निम्न लिखित ठेगानामा उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछु ।

**नाम : दीपेन्द्र असार कुशवाहा**
**बीमा लेख नं. : 110064749**
**ठेगाना : रौतहट ०१**
**मो नं. : 9851179118**

## डुडुवा गाउँपालिका
## गाउँ कार्यापालिकाको कार्यालय
**बनकट्टी, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

### सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७९/१०/०१

यस कार्यालयका लागि तपसिलबमोजिमको कार्य सिलबन्दी दरभाउपत्र माध्यमबाट खरिद गर्नुपर्ने भएकोले सम्बन्धित इजाजतप्राप्त उत्पादक कम्पनी वा अधिकृत बिक्रेताबाट निम्न शर्तहरुको अधीनमा रही अनलाइनमार्फत bolpatra.gov.np मा रीतपूर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ।

१. यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र कम्पनी/फर्म चालू आ.व.२०७९/८० मा नवीकरण भएको इजाजत प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आयकर दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, मूल्यअभिवृद्धिकर दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी कार्यालय समयभित्र निबेदनसाथ रू.१०००।- (फिर्ता नहुने गरी) दरभाउपत्र फाराम दस्तुर नगदै बुझाई यस कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ।
२. खरिद भएको दरभाउपत्र १६औं दिनको १२ बजेभित्र दररेट अंक र अक्षरमा प्रस्ट बुझिने गरी उल्लेख गरी केरमेट भएको ठाउँमा सही छाप गरी फर्मको नाम र ठेगाना एवं सम्पर्क फोन नं. उल्लेख गरी bolpatra.gov.np मा दर्ता गर्नुपर्नेछ। दररेटमा उल्लिखित अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।
३. दरभाउ-पत्रसाथ दरभाउ-पत्र जमानत (बिडबन्ड) बापत तपसिलबमोजिमको रकम यस कार्यालयको नाममा एन.आई.सी. एसिया बैंक लि. नेपालगञ्जमा रहेको नं. २०४१४९८३८५५२४००१ ग-३ धरौटी खातामा नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा सोही रकम बराबर वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा ४५ दिन मान्य अवधि भएको बैंक जमानत संलग्न हुनुपर्नेछ।
४. जुन फर्मको नाममा दरभाउ-पत्र खरिद गरिएको हो सोही फर्मको नाममा मात्र दरभाउपत्र फाराम भरी पेश गर्नुपर्नेछ।
५. दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २:०० बजे दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधिहरु उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्नेछैन।
६. दरभाउपत्र खरिदको अन्तिम दिन तथा दाखिला गर्ने वा खोल्ने दिन सार्बजनिक विदा परेमा उक्त कार्यहरु त्यसपछिको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्यहरु हुनेछ।
७. दरभाउपत्र स्वीकृत भएपछि सूचनाअनुसारको रकमबराबरको धरौटी खातामा जम्मा गरेको बैंक भौचर वा सो बराबर १२० दिनसम्म मान्य अवधि भएको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कार्यसम्पादन जमानत पत्र पेश गर्नुपर्नेछ।
८. सिलबन्दी दरभाउपत्रको मान्य अवधि ४५ दिन हुनेछ।
९. दरभाउपत्र दाखिला गर्ने तथा खोल्ने समयमा सूचनाको हक सम्बन्धी ऐन २०६४ बमोजिम नागरिक समाज तथा पत्रकार समेतको उपस्थितिको लागि अनुरोध छ।
१०. अन्य कुराहरुको हकमा प्रचलित कानुनबमोजिम हुनेछ।
११. दरभाउपत्रसम्बन्धी अन्य कुराहरु बुझ्नुपरेमा कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

**तपसिल**

| सि.न. | ठेक्का नं. | कामको नाम | ल.ई.रकम (मु.अ.कर समेत) | धरौटी रकम | दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | DRM/SQ/Goods/02/ 2079-80 | Nisulka aausadhi kharid | 3415831.65 | 95000.00 | 1000.00 | |
| २ | DRM/SQ/Goods/03/ 2079-80 | Nisulka prayogsala rasayan kharid | 1750004.38 | 50000.00 | 1000.00 | |
| ३ | DRM/SQ/Goods/04/ 2079-80 | Nisulka pasu upachar ka lagi aausadhi kharid | 2500120.00 | 70000.00 | 1000.00 | |

## विद्युत विकास विभागद्वारा प्रस्तावित मिडल इन्खु जलविद्युत आयोजना, २७.९ मे.वा. को वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनको सार्वजनिक सुनुवाइसम्बन्धी

### सार्वजनिक सूचना

(प्रकाशित मिति : २०७९/१०/०१)

यस विद्युत विकास विभागद्वारा प्रदेश नं. १ अन्तर्गत सोलुखुम्बु जिल्लाको सोताङ गाउँपालिका वडा नं २ र माप्यदुधकोशी गाउँपालिका वडा नं ७ मा पर्ने इन्खु खोलाको पानीलाई प्रयोग गरी २९.९ मे.वा. जडित क्षमता भएको मिडल इन्खु जलविद्युत आयोजना निर्माणका लागि प्रस्ताव गरिएको छ। उक्त आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कनको क्षेत्र निर्धारण तथा कार्यसूची प्रतिवेदन वन तथा वातावरण मन्त्रालयद्वारा स्वीकृत भइसकेको छ।

उक्त आयोजना कार्यान्वयन गर्नुपर्ने भएकाले स्थानीय सरोकारवालाहरु सरकारी कार्यालय, संघ/संस्था तथा व्यक्तिगत राय/सुझाव प्राप्त गर्ने उद्देश्यले निम्न मिति, समय र स्थानमा सार्वजनिक सुनुवाइ कार्यक्रम राखिएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उक्त कार्यक्रममा सम्बन्धित संघ/संस्था र सर्वसाधारणको उपस्थितिको लागि आमन्त्रण गरिएको छ। आयोजना कार्यान्वयनका चरणमा प्रभावित घरधूरीहरुको विवरण/सूची प्रभावित वडा कार्यालयमा टाँस उपलब्ध छ।

**कार्यक्रम सञ्चालन हुने**

| जिल्ला | स्थान | समय | मिति |
|---|---|---|---|
| सोलुखुम्बु | सोताङ गाउँपालिका वडा नं. २, चेपेल गाउँ | बिहान ११ बजे | २०७९/१०/०७ |
| | माप्यदुधकोशी गाउँपालिका वडा नं. ७ को कार्यालय | बिहान ११ बजे | २०७९/१०/०७ |

**प्रस्तावकको नाम : विद्युत विकास विभाग**
**ठेगाना : सानो गौचरण, काठमाडौं नेपाल।**
**फोन नं** : ०१४४८०३२६, ०१४४७९५०७, ०१४४८०४२५, ९८०११०५९ ८०
**फ्याक्स नं** : ४४८०२५७
इमेलः info@doed.gov.np
वेबसाइटः www.doed.gov.np